# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ६ संख्या : ५ असार ०६, २०८०


### भाग-२

# गुल्मीदरबार गाउँपालिकाको जेहेन्दार छात्रवृत्ती कार्यान्वयन कार्यविधि, २०८०


स्वीकृत मितिः २०८०/०३/०६

प्रमाणिकरण मितिः २०८०/०३/०६


**प्रस्तावनाः** गुल्मीदरबार गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुमध्ये आर्थिक रुपले विपन्न तथा जेहेन्दार विद्यार्थीहरुको सिकाई उपलब्धीहरुलाई अझ बढी परिस्कृत र निरन्तरताका लागि प्रोत्साहन गर्ने अभिप्रायले गुल्मीदरबार गाउँपालिकाको जेहेन्दार छात्रवृत्ती शिर्षक अन्तर्गत विनियोजन हुने रकमलाई गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्र-छात्राहरुका लागि निश्चित मापदण्ड बमोजिम छात्रवृत्ती वितरण गर्नका लागि वाञ्छनीय भएकोले यो कार्यविधि गाउँकार्यपालिकाले तयार गरी लागु गरेको छ ।

**१. सँक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम **गुल्मीदरबार गाउँपालिकाको जेहेन्दार छात्रवृत्ती कार्यान्वयन कार्यविधि** २०८० रहेको छ ।यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्विकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. छात्रवृत्ती रकमः** यस छात्रवृत्ती अन्तर्गत गाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा विनियोजन गर्ने रकम रहनेछ।

**३. छात्रवृत्ती वितरण गरिने क्षेत्रः** विगतका शैक्षिक सत्रमा उत्कृष्ट अँक प्राप्त गरेका गुल्मीदरबार गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने आर्थिक रुपले विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई यो छात्रवृत्ति लक्षित गरिएको छ।

**४. छात्रवृत्ति वितरणका आधारहरुः** जेहेन्दार छात्रवृत्ती वितरणका आधारहरु देहाय बमोजिम हुनेछन ।

क) आर्थिक रुपले विपन्न वर्ग वा बाबु आमा नभएका वा बाबुआमा दिर्घ रोगी भई आय आर्जन गर्न असमर्थ भएका परिवारका विद्यार्थीहरु ।

ख) गत शैक्षिक सत्रमा उच्च सिकाई उपलब्धी दर भएका मिहिनेती परिश्रमी र अनुशासित विद्यार्थीहरु ।

ग) नयाँ शैक्षिक सत्रमा अन्य विद्यालयबाट भर्ना हुन आएका, सिकाई उपलब्धी दर उच्च भएका वा शिक्षण सिकाई क्रियाकलापमा सक्रिय भएका र भविष्यमा सिकाई उपलब्धी उच्च हुन सक्ने सम्भावना बोकेका विद्यार्थीहरु ।

**५. छात्रवृत्ती वितरण गरिने रकम र तहः** यस कार्यविधिमा उल्लेख गरिएको रकम कक्षा ६ देखि १२ कक्षासम्म अध्ययनरत विद्यार्थीहरुका लागि समितिको निर्णयबमोजिम देहाय बमोजिमको रकम प्रदान गरिने छ।

क) कक्षा ६-८ सम्मका विद्यार्थीका लागि रु ३०००/-

ख) कक्षा ९-१२ सम्मका विद्यार्थीका लागि रु ५०००/-

**६. छात्रवृत्ती प्राप्त गर्दा पेश गर्नु पर्ने कागजातहरुः**

क) सम्बन्धित विद्यार्थीको निवेदन

ख) निवेदक विद्यार्थी अध्ययनरत विद्यालयबाट छात्रवृत्ती प्राप्तिका लागि जेहेन्दार भएको सिफारिश पत्र वा सम्बन्धित निवेदकको स्थायी ठेगाना भएको वडा कार्यालयको विपन्न भएको सिफारिशपत्र ।

**७. छात्रवृत्ति व्यवस्थापन समितिः**

(क)गाउँपालिकामा यस छात्रवृत्तीको रकम वितरणका लागि देहाय बमोजिमको समिति रहनेछः

- गुल्मीदरबार गाउँपालिकाका अध्यक्ष: संयोजक
- सामाजिक विकास शाखा प्रमुखः सदस्य
- शिक्षा शाखा हेर्ने कर्मचारीः सदस्य-सचिव

(ख) उपदफा (क) बमोजिम गठित समितिको निर्णय बमोजिम उल्लेखित छात्रवृत्तीवापतको रकम सम्बन्धित निवेदक विद्यार्थीलाई प्रदान गरिनेछ ।तर एक आर्थिक वर्षमा गाउँपालिकाबाट अन्य कुनै शिर्षकबाट छात्रवृत्ती प्राप्त गरेको हकमा निवेदकलाई उक्त आर्थिक वर्ष भरिमा यो शिर्षकबाट छात्रवृत्ती रकम प्रदान गरिने छैन ।

**८. विविधः** (क) यस कार्यविधि लागु हुनुभन्दा अगाडी भए गरेका काम कारवाही यसै कार्यविधिबमोजिम भए गरेको मानिनेछ।

(ख) यस कार्यविधिको कार्यान्वयमा कुनै बाधा अड्काउ आइपरेमा सोको निराकरण गाउँकार्यपालिका मार्फत गरिनेछ।

आज्ञाले,

(राजिव पन्थी)

प्रमुख प्रशासकीय अधिकृत